जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ | अंक : १२ | २०८३ साल वैशाख १४ गते, सोमबार | Monday, Arp.– 27 2026 | मूल्य रु. ५/- पृष्ठ : ४

## आवास कार्यक्रम अलपत्र, अख्तियारको निर्देशनपछि पनि रमाना नलिएका, बाराका पूर्वाधार प्रमुख साह र सरुवा विवादले प्रशासनमा प्रश्न






*बारा पूर्वाधार प्रमुख साहमाथि कडाइ*

१३ बैशाख,बारा/काठमाडौं – बाराका विभिन्न पालिकामा सञ्चालन भइरहेका जनता आवास, मदन भण्डारी आवास र महेन्द्र निधि आवास कार्यक्रम अलपत्र अवस्थामा पुगेको आरोप लागेको छ। भौतिक पूर्वाधार विकास मन्त्रालयका निमित्त सचिव संजय साहको संरक्षणमा कार्यक्रम प्रभावित भएको भन्दै स्थानीयवासीले कमिसन, गुणस्तरहीन निर्माण र अनियमितताको आरोप लगाएका छन्।

स्थानीयका अनुसार विपन्न, दलित तथा असहायका लागि लक्षित आवास कार्यक्रम प्रभावशाली र पहुँचवालालाई वितरण गरिएको तथा गुणस्तरहीन सामग्री प्रयोग गरिएको छ। निर्माण कार्य समयमै पूरा नहुँदा सेवाग्राहीहरू चर्को घाम र वर्षामा कठिनाइ भोग्न बाध्य भएको उनीहरूको गुनासो छ।

महोत्तरीगढीमाई नगरपालिका-९ पिपरविर्ताका प्रसाद दासका अनुसार सो वडामा २१ वटा घर निर्माण सुरु भए पनि अझै अधुरै छन् र बसोबास गर्न नमिल्ने अवस्थामा छन्। सुवर्ण गाउँपालिका र देवताल गाउँपालिकामा समेत दर्जनौं घरहरू अधुरो अवस्थामा रहेको स्थानीयले बताएका छन्।

यसैबीच पूर्वाधार विकास कार्यालय बारा का प्रमुख राजेन्द्र साह सरुवा भइसकेपछि पनि रमाना नलिई सोही कार्यालयमा कार्यरत रहेको विषय थप विवादमा परेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनलाई तीन दिनभित्र रमाना लिएर सरुवा भएको कार्यालयमा हाजिर हुन निर्देशन दिएको छ।

अख्तियारको बर्दिबास कार्यालयले २०८३ वैशाख ८ गते मधेश प्रदेश भौतिक पूर्वाधार विकास

बाँकी तेस्रो पृष्ठमा

## सीमा क्षेत्रमा तस्करीमा उच्च अधिकारी संलग्न भएको आरोप

***१३ बैशाख, सर्लाही –*** मधेश प्रदेशका प्रहरी उच्च अधिकारीदेखि विभिन्न सुरक्षा निकायका जिम्मेवार व्यक्तिहरू तस्करी सञ्जालमा संलग्न भएको आरोप सार्वजनिक भएको छ। सर्लाही जिल्ला तस्करीका लागि 'सुरक्षित हब' बनेको भन्दै नक्कली नोट, मदिरा, लागूऔषधदेखि कृषि उपजसम्मको अवैध कारोबार निर्बाध रूपमा भइरहेको दाबी गरिएको छ।





स्थानीय स्रोतका अनुसार भारतबाट नेपालतर्फ र नेपालबाट भारततर्फ समेत संगठित रूपमा तस्करी भइरहेको छ। नेपालबाट गाँजा, मदिरा, चाइनिज लसुन, मरिच र खरबुजाको बीउजस्ता वस्तुहरू भारततर्फ पठाइने गरेको बताइन्छ। सीमामा एक सय रुपैयाँभन्दा बढीको सामान ल्याउँदा भन्सार प्रक्रिया आवश्यक भए पनि तस्करहरूका लागि भने नियम प्रभावहीन बनेको आरोप छ।

सर्लाहीमा तस्करी व्यक्तिगत नभई 'संस्थागत' ढंगले भइरहेको र त्यसमा सुरक्षा निकायका केही अधिकारी तथा राजनीतिक संरक्षण रहेको आरोप पनि छ। स्रोतका अनुसार रकमको लेनदेनमार्फत सीमामा 'सेटिङ' मिलाएर तस्करी सञ्चालन हुँदै आएको छ।

हालै भारतको सीतामढी जिल्लास्थित सशस्त्र सीमा बल (एसएसबी) ले नेपालबाट गइरहेको ठूलो परिमाणको अवैध सामान बरामद गरेको छ। सखुअवा र संग्रामपुर नाका हुँदै लैजाँदै गरिएको १ हजार २ सय ६ किलो चिनियाँ लसुन र ३ हजार ७ सय २४ किलो खरबुजाको बीउ दुई पिकअप गाडीबाट बरामद गरिएको हो।

यस घटनाले नेपालतर्फको सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्न उठाएको छ। स्रोतहरूका अनुसार सर्लाहीमा तस्करी कुनै लुकिछिपी काम नभई प्रणालीगत धन्धा बनेको छ, जहाँ नेपाल प्रहरी, सशस्त्र प्रहरी र भन्सारका केही अधिकारीहरूको मिलेमतो रहेको आरोप छ।

स्थानीय बासिन्दाका अनुसार कुख्यात तस्कर समूहहरूले सुरक्षाकर्मीहरूसँग 'लाइन मिलाएर' दिनदहाडै सामान ओसारपसार गर्ने गरेका छन्। प्रहरी हवल्दार तथा अन्य केही कर्मचारीसमेत तस्करी सेटिङ मिलाउन सक्रिय रहेको आरोप छ। पूर्वी नाका संग्रामपुर, सखुअवा, नारायणपुरदेखि पश्चिमका विभिन्न सीमा क्षेत्रहरू तस्करीका मुख्य रुट बनेका छन्। यस प्रकरणमा मधेश प्रदेशका उच्च प्रहरी अधिकारीदेखि तल्लो तहका कर्मचारीसम्म संलग्न रहेको आरोप सार्वजनिक भएको छ। स्रोतका अनुसार ठूला तस्करहरूले सुरक्षा निकायका अधिकारीहरूलाई नियमित रूपमा रकम बुझाउने गरेको दाबी छ। यद्यपि सम्बन्धित निकायले यसबारे औपचारिक रूपमा पुष्टि गरेको छैन।

## तेलकुवामा क्रसर उद्योगको मनपरी : अनुगमन समितिमाथि प्रश्न, राजस्व छली र वातावरणीय संकट गहिरिँदै





***१३ बैशाख, कलैया।*** बाराको तेलकुवा क्षेत्रमा सञ्चालित क्रसर उद्योगहरू मापदण्डविपरीत सञ्चालन भइरहेको र यसले नदी दोहन, राजस्व छली तथा वातावरणीय क्षतिलाई थप गम्भीर बनाएको स्थानीयले आरोप लगाएका छन्। डोरा नदी किनार केन्द्रित उत्खननका कारण बस्ती, खेतीयोग्य जमिन र वातावरणमा प्रत्यक्ष असर परेको उनीहरूको भनाइ छ।

**अनुगमन समिति प्रभावहीन : "मूकदर्शक" बनेको आरोप**

जिल्ला समन्वय समिति, प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायको सहभागितामा गठन गरिएको अनुगमन समितिले प्रभावकारी काम गर्न नसकेको स्थानीयको मुख्य गुनासो छ। कागजी रूपमा समिति सक्रिय देखिए पनि स्थल अनुगमन, अनियमितता रोकथाम र कारबाहीका काम कमजोर भएको उनीहरूको आरोप छ।

स्थानीयका अनुसार अनुगमन समिति क्रसर उद्योगको गतिविधिप्रति "मूकदर्शक" बनेको छ। अवैध उत्खनन खुलेआम भइरहँदा पनि नियमित निरीक्षण र ठोस कारबाही नहुनुले मिलेमतोको आशंका बढाएको उनीहरूको भनाइ छ।

**नदी दोहन र वातावरणीय असर**

क्रसर उद्योगहरूले नदीजन्य पदार्थ जथाभावी उत्खनन गर्दा डोरा नदीको प्राकृतिक स्वरूप बिग्रँदै गएको छ। भारी मेसिनरीका कारण

बाँकी तेस्रो पृष्ठमा

## गण्डक नहरमा अतिक्रमण हटाउन डोजर अभियान सुरु

***१३, बैशाख, वीरगञ्ज (पर्सा) –*** पर्सामा गण्डक नहर क्षेत्रमा भएको अतिक्रमण हटाउन आइतबारदेखि डोजर अभियान सुरु गरिएको छ। जिल्ला प्रशासन कार्यालय पर्साको समन्वयमा सञ्चालन गरिएको अभियानको पहिलो दिनमै करिब ३२५ भन्दा बढी भौतिक संरचना हटाइएको छ।



नारायणी सिँचाइ व्यवस्थापन कार्यालय वीरगञ्जका सूचना अधिकृत इन्जिनियर सुरेश साह का अनुसार पहिलो दिन गण्डक चोकदेखि महुवनसम्म तथा जगरनाथपुर गाउँपालिकाको नेपाल प्रवेश बिन्दुदेखि सखुवा प्रसौनीसम्मका अतिक्रमित संरचना हटाइएको हो। अभियानमा चार वटा डोजर प्रयोग गरिएको थियो– नारायणी सिँचाइ व्यवस्थापन कार्यालय, यान्त्रिक सिँचाइ व्यवस्थापन कार्यालय र स्थानीय तहका दुई डोजर परिचालन गरिएको थियो।

उनका अनुसार महुवन क्षेत्रमा पारसनाथ मठको जग्गा अतिक्रमण गरी निर्माण गरिएका करिब ४० वटा घरसमेत भत्काइएको छ। पछिल्ला वर्षहरूमा नहर क्षेत्रमा अतिक्रमण तीव्र रूपमा बढ्दै गएपछि यो अभियान आवश्यक भएको प्रशासनको भनाइ छ।

बाँकी तेस्रो पृष्ठमा

## सखुवा प्रसौनीमा गुठीको ५ बिघा जग्गा खाली, ३८० टहरा हटाइया

***१३ बैशाख,वीरगञ्ज (पर्सा) –*** पर्साको सखुवा प्रसौनी गाउँपालिका-५ स्थित गण्डक नहर किनारमा रहेको गुठीको अतिक्रमित करिब ५ बिघा जग्गा खाली गराइएको छ। मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतो को पहलमा सोमबार बिहानैदेखि डोजर परिचालन गरी अतिक्रमण हटाउने कार्य गरिएको हो।



गाउँपालिका अध्यक्ष यशवंत यादव का अनुसार उक्त क्षेत्रमा निर्माण गरिएका करिब ३८० वटा घरटहरा हटाइएका छन्। गाउँपालिकाले विगत दुई वर्षदेखि अतिक्रमण हटाउने प्रयास गर्दै आए पनि सफल हुन नसकेको अवस्थामा पछिल्लो पटक अभियान तीव्र बनाइएको हो। "अहिले पनि खाली गराउने काम जारी छ, हालसम्म ३८० घरटहरा हटिसकेका छन्," अध्यक्ष यादवले भने, "गृहमन्त्रीको विशेष पहलपछि अभियान प्रभावकारी बनेको हो।"

यसैबीच, सोही गाउँपालिकाको मधुवन क्षेत्रमा रहेको गुठीको थप करिब २९ बिघा अतिक्रमित जग्गा पनि खाली गराउने प्रक्रिया अघि बढाइएको मन्त्री महतोले जानकारी दिएका छन्। अभियानका लागि करिब ३०० जना नेपाल प्रहरी र सशस्त्र प्रहरी बल परिचालन गरिएको छ।

प्रशासनले सार्वजनिक जग्गा संरक्षण र अतिक्रमण नियन्त्रणलाई प्राथमिकतामा राख्दै यस्ता अभियान निरन्तर अघि बढाइने जनाएको छ।

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"

- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय ........

## "सेटिङ"को दलदलमा फस्दै गएको यातायात व्यवस्था

वीरगञ्जस्थित यातायात व्यवस्था कार्यालयमा देखिएको भनिएको 'सेटिङ' र अनियमितताको समस्या कुनै एक कार्यालयको सीमित कमजोरी मात्र होइन, यो हाम्रो सार्वजनिक सेवा प्रणालीकै गम्भीर रोगको संकेत हो। चालक अनुमति पत्र जस्तो संवेदनशील विषयमा समेत पारदर्शिता हराउनु केवल प्रशासनिक कमजोरी होइन, यो नागरिक सुरक्षामाथिको सीधा खेलवाड हो।

लाइसेन्स वितरण प्रक्रिया योग्यताको आधारमा नभई पहुँच, पैसा र मिलेमतोका आधारमा हुने हो भने त्यसले सडकमा अयोग्य चालक उतार्छ। यसको परिणाम केवल कागजी त्रुटि हुँदैन—यसले दुर्घटना, अंगभंग र अकाल मृत्युसम्म निम्त्याउँछ। त्यसैले यो विषयलाई सामान्य अनियमितता भनेर टार्न मिल्दैन।

वर्षौंदेखि सुधारका नाममा आश्वासन दिइँदै आएको छ, तर व्यवहारमा पुरानै प्रवृत्ति दोहोरिनु अझ चिन्ताजनक छ। अझ नियामक निकायको मौनता र जिम्मेवार पदाधिकारीहरूको अस्पष्टता यस समस्यालाई झन् गम्भीर बनाउने कारक बनेका छन्। आरोपहरू सार्वजनिक भइरहँदा पनि स्पष्ट छानबिन नहुनु र जवाफदेहिता नदेखिनु स्वयंमा प्रश्नयोग्य छ।

अब आवश्यक छ—तत्काल निष्पक्ष छानबिन, प्रविधिमैत्री र पारदर्शी परीक्षा प्रणाली, तथा दोषीमाथि कडा कारबाही। अन्यथा 'सेटिङ'को यही संस्कृति संस्थागत हुँदै जानेछ र यसको मूल्य सर्वसाधारण नागरिकले आफ्नो ज्यान र सुरक्षाबाट चुकाउनु पर्नेछ।

राज्यले यदि नागरिकको जीवनलाई प्राथमिकता दिन्छ भने यस्तो विकृतिलाई सहेर बस्ने विकल्प अब बाँकी छैन।

# नेपाली अर्थतन्त्रका विरोधाभास




उच्च आर्थिक वृद्धि र समृद्धिका लागि अर्थतन्त्रका यस्ता विरोधाभासको पहिचान गरी समयमा नै हटाउनुपर्ने हुन्छ। नवनिर्वाचित नयाँ सरकारले विरोधाभासको पहिचान गरी समाधानका लागि निरन्तर अध्ययन अनुसन्धान र सुझावको प्रभावकारी कार्यान्वयन गर्नेतर्फ लाग्नु पर्छ। प्रशासनिक, कानुनी, प्रक्रियागत र संस्थागत सुधार गर्नु जरुरी छ। नेपालीको सोच, क्षमता र प्रवृत्ति पनि विकास उन्मुख हुनु आवश्यक छ।

डा. प्रकाशकुमार श्रेष्ठ

नेपालीले तीव्र आर्थिक समृद्धिको अपेक्षा गरेका छन् । नेपालको आर्थिक समृद्धिका गति अपेक्षाभन्दा सुस्त छ। समृद्धिको तीव्र अपेक्षाले गर्दा नै छिटो छिटो राजनीतिक परिवर्तन गर्न नेपाली लाग्ने गरेका छन्। राजनीतिक परिवर्तनको गति अनुरूप आर्थिक परिवर्तन भएको छैन । नेपाली अर्थतन्त्रका आफ्नै केही विरोधाभास छन्, जसले गर्दा समृद्धिको गति बढ्न सकेको छैन। यस्ता विरोधाभासको पहिचान गरी हटाउनु पर्छ।

***विरोधाभास***

पहिलो बेरोजगारीको स्थिति र श्रम अभाव एकैचोटी छ । नेपालमा अहिले पर्याप्त रोजगारी उपलब्ध भएन भनेर लाखौँको सङ्ख्यामा युवा वैदेशिक रोजगारीमा गएका छन्। आन्तरिक रूपमा कृषि, निर्माण र केही उत्पादनमूलक उद्योगमा नेपाली श्रमिक उपलब्ध नहुँदा छिमेकी देशबाट आएर काम गरिरहेका छन्। कृषि क्षेत्रलाई तीव्र दरमा छोड्नु पर्छ भन्ने मनोविज्ञान हाबी भएको छ । निर्माण र उत्पादनमूलक उद्योगमा पनि श्रम प्रधान काम गर्न सामाजिक लाज, अपेक्षितभन्दा कम तलब र पर्याप्त ज्ञानको अभाव आदिले गर्दा नेपालीले उपलब्ध काम गरिरहेका छैनन्। उल्लेख्य सङ्ख्यामा वैदेशिक रोजगारीमा गएका कामदारबाट विप्रेषण आप्रवाह बढे पनि देशले जनसाङ्ख्यिक लाभ लिन सकेको छैन । धेरै युवा बिदेसिँदा समष्टिगत मागमा कमी भई अर्थतन्त्रमा लगानी बढ्न सकेको छैन ।

दोस्रो, समष्टिगत मागमा कमी पनि छ तर व्यापार घाटा बढिरहेको छ । व्यवसायीले अर्थतन्त्रमा मागको कमीले लगानी र आन्तरिक उत्पादन हुन नसकेको भनिरहेका छन्। उल्लेख्य सङ्ख्यामा युवा बिदेसिएकाले मागमा कमी ल्याएको पनि छ तर विप्रेषण आप्रवाहले सृजित जुन माग छ, त्यसको ठुलो अंश आयातबाट पूरा भइरहेको छ। जसले गर्दा व्यापार घाटाको आकार बर्सेनि बढिरहेको छ। कुल गार्हस्थ उत्पादनको एक चौथाई जति व्यापार घाटा रहेको छ। आयातले स्वदेशमा रोजगारी सिर्जना गर्दैन । मेसिन, प्रविधि, पेट्रोलियम पदार्थ, रासायनिक मल जस्ता वस्तु त नेपालले उत्पादन गर्न नसक्ला तर खाद्यान्न, तरकारी, फलफूल जस्ता कृषि उपज पनि अर्बौं रुपियाँको आयात भइरहेको छ। प्रतिस्पर्धी क्षमता कमजोर हुँदा कृषिजन्य वस्तुमा समेत नेपाली उत्पादनले स्वदेशी बजार लिन सकिरहेको छैन । तेस्रो, बैङ्किङ प्रणालीमा अधिक तरलता छ तर कर्जा प्रवाह बढ्न सकेको छैन । पछिल्ला वर्षमा बैङ्किङ प्रणालीमा अधिक तरलता छ। करिब ११ खर्ब रुपियाँ कर्जायोग्य साधन छ । ब्याजदरको ऐतिहासिक रूप न्यून छ तर कर्जा प्रवाह बढ्न सकेको छैन । अर्थतन्त्रमा लगानी बढ्न नसक्दा कर्जाको माग शिथिल रहेको छ। कोभिड १९ पछि शिथिल रहेको अर्थतन्त्रमा पछिल्लो जेनजी विद्रोहले निजी व्यवसायलाई पनि नोक्सानी पुऱ्याएकाले लगानीका लागि पर्याप्त सुरक्षाको पनि कमी देखिन्छ। यसले गर्दा न्यून ब्याजदरमा कर्जा उपलब्ध भए पनि कर्जाको माग बढ्न सकेको छैन । अल्पविकसित देशमा सामान्यतया वित्तीय साधनको कमी हुने गर्छ। हामीकहाँ वित्तीय साधन छ तर उत्पादनशील उपयोग हुन सकिरहेको छैन। सरकारको राजस्व परिचालन पनि शिथिल रहेको छ भने पुँजीगत खर्च पनि कमजोर छ।

चौथो, सङ्घीय सरकार घाटामा तर समग्रमा तीन तहका सरकार बचतमा छन् । नेपालको संविधान २०७२ अनुसार नेपाल अहिले वित्त सङ्घीयताको स्थितिमा छ । सङ्घीय सरकारले नियमित रूपमा वित्त हस्तान्तरण गर्छ। प्रदेश र स्थानीय तहले आफैँले बजेट बनाउँछन् । पछिल्ला वर्षमा प्रदेश र स्थानीय तहको पर्याप्त क्षमता नहुँदा बजेट खर्च गर्न सकेका छैनन् । आर्थिक वर्षको अन्तमा केही खर्च हुने गरे पनि आर्थिक वर्षको अधिकांश महिनामा सङ्घीय सरकार बजेट घाटामा रहने, ऋण उठाउने तर समग्रता सरकारी क्षेत्रको उल्लेख्य बचत केन्द्रीय बैङ्कमा रहने गरेको छ । २०८३ को वैशाख ८ गतेसम्म तीन तहको सरकारको समग्रमा ३८५ अर्ब बचतमा रहेको छ जबकि २०८२ चैत मसान्तसम्म सङ्घीय सरकारले २८४ अर्व आन्तरिक ऋण र ६४.५ अर्ब बाह्य ऋण परिचालन गरेको छ । सङ्घीय सरकारले ऋण लिएर ब्याज तिर्ने तर समग्रतामा सरकारको अर्बौं रुपियाँ निर्ब्याजी बैङ्कमा बस्ने प्रवृत्तिले सरकारी वित्त व्यवस्थापनको कमजोरी देखाउँछ। यति मात्र होइन यसले गर्दा समग्र नेपालीको ऋणको भार बढिरहेको छ तर सो अनुरूप आर्थिक वृद्धिदर बढ्न सकेको छैन। बढ्दो ऋणभार भविष्यमा कुनै न कुनै रूपमा नेपालीले भुक्तानी गर्नुपर्ने हुन्छ ।

पाँचौं सरकारको बजेट विनियोजन यसरी हुने गर्छ कि बजेट भएको आयोजना तथा परियोजना कार्यान्वयनमा जाँदैनन् तर कार्यान्वयन भइरहेकोमा आयोजना तथा परियोजनामा पर्याप्त बजेट हुँदैन जसले गर्दा कार्य सम्पादन भए पनि भुक्तानी हुन नसकेको पाइन्छ । समयमा भुक्तानी नहुँदा निर्माण व्यवसायीले काम गर्न नसकिरहेको अवस्था पनि छ। यसले गर्दा पुँजीगत खर्च पनि बढ्न सकेको छैन भने अर्थतन्त्रमा पुँजी निर्माण हुन नसक्दा आर्थिक वृद्धिदर पनि कमजोर रहेको छ ।

छैटौं, प्रचुर प्राकृतिक स्रोत छ तर उपयोगको अभावमा देश र जनता गरिबीको स्थितिमा छन् । नेपाल जलस्रोतमा विश्वकै धनी मानिन्छ । पछिल्लो समयमा उपलब्ध जललाई उपयोग गरी जलविद्युत् उत्पादन बढिरहेको छ। जलविद्युत् उत्पादन क्षमताको एक प्रतिशत पनि अझै उपयोग गर्न सकिएको छैन । जलाशययुक्त आयोजना पर्याप्त निर्माण नहुँदा बर्खायाममा बढी विद्युत् उत्पादन र सुक्खायाममा कम उत्पादन हुने गरेको छ । जलविद्युत् उत्पादन आवश्यकताभन्दा बढी पनि छ कम पनि छ, जुन आफैँमा विरोधाभासपूर्ण स्थिति छ। अहिले पनि सुक्खायाममा बिजुली आयात गर्नु परिरहेको छ भने पेट्रोलियम पदार्थको आयात पनि उच्च नै रहने गरेको छ । उत्पादित जलविद्युत् पनि महँगो हुँदा उत्पादनमूलक उद्योगको उत्पादन लागत घटाउन सहयोग पुऱ्याएको छैन ।

प्राकृतिक स्रोतकै कुरा गर्दा नेपालको ४६ प्रतिशत भूभाग वनजङ्गलले ढाकेको छ। काठ पनि नेपालले आयात गर्ने गर्छ । काठ मात्र होइन घर निर्माणमा झ्याल ढोका बनाउन आल्मुनियमको आयात पनि उल्लेख्य मात्रामा हुने गर्छ । नेपालले वर्षमा १५ करोड क्युबिक फिट काठ उत्पादन गर्न सक्ने क्षमता रहेकोमा जम्मा २३ प्रतिशत जति मात्र उपयोगमा ल्याउन सकिएको एक अध्ययनले देखाएको छ । बर्सेनि साढे तीन अर्बभन्दा बढीको काठ आयात गर्ने गरेको छ। २०८१/८२ मा करिब आठ अर्ब बराबरको आल्मुनियम आयात भएको थियो । अर्कोतर्फ वनजङ्गलको तीव्र विस्तारले गर्दा किसान वन्यजन्तुको मारमा परिरहेका छन् । बाँदरले गर्दा धेरै ठाउँमा किसानले खेती गर्न नसकि बसाइँसराइ गरिरहेका छन्। जसले गर्दा अर्को प्राकृतिक साधनका रूपमा रहेको जग्गा बाँझो राख्ने प्रवृत्ति बढ्दै गएको छ। यसले भोलि नेपालमा भोकमरीको जोखिम आउन सक्छ ।

***समाधानका उपाय***

माथि उल्लिखित विरोधाभास सम्बोधन गर्न सकिएमा समृद्धिका गति बढ्न सक्छ। युवालाई जे जस्तो उपलब्ध रोजगारी रहेको सो ग्रहण गर्ने र क्षमता विस्तार गर्दै जाने रणनीति अपनाउन उत्प्रेरित गरिनु पर्छ । श्रमको सम्मानको संस्कृति विकास गरिनु पर्छ। श्रम बजारको माग अनुरूपको शिक्षा र सिपको उपलब्धता हुनु पर्छ। धेरै रोजगार सिर्जना गर्ने उद्योगधन्दालाई प्रोत्साहन दिनु पर्छ भने उद्यमशीलता विकासलाई जोड दिनु पर्छ।

दोस्रो विरोधाभासको समाधान गर्न निर्यात प्रवर्धन र आयात प्रतिस्थापनको रणनीति लिनु पर्छ । दुवैका लागि नेपाली उत्पादनको प्रतिस्पर्धी क्षमता बढाउनुपर्ने आवश्यकता छ, जुन उत्पादन लागत घटाएर मात्र सम्भव हुन्छ । यसका लागि जग्गाको उपलब्धता र सहुलियतमा विद्युत् महसुल उपलब्ध गराउन सक्नु पर्छ । अल्पविकसित मुलुकबाट स्तरोन्नतिपछि नेपालको निर्यात थप प्रभावित हुने अवस्था छ । उच्च मूल्यका वस्तुहरू उत्पादन, छिमेकी देशको उत्पादन संरचनामा आइरहेको परिवर्तन अनुरूप उत्पादन क्षमता वृद्धि, आर्थिक कूटनीति र वैदेशिक लगानी आकर्षण गरेर वैदेशिक बजार विस्तारका काम गरिनु पर्छ।

तेस्रो विरोधाभासको समाधान गर्न सरकारले आयोजना लक्षित आन्तरिक ऋणको परिचालन गर्ने, सरकारी संस्थानहरूले पनि बन्डहरू जारी गरेर आफ्नो क्षेत्रमा लगानी अभिवृद्धि गर्नु पर्छ। नेपाल एयरलाइन्सले जहाज किन नसकिरहेको अवस्था छ। प्रायः सबै सरकारी संस्थानको पुनर्संरचना गर्नुपर्ने खाँचो छ । स्वदेशी उत्पादनको उपभोग बढाउन सकिएमा निजी क्षेत्रले कर्जा लिएर लगानी बढाउन सक्छ । निर्यात प्रवर्धन र आयात प्रतिस्थापन रणनीतिले पनि थप लगानीको माग गर्छ, जसका लागि कर्जा प्रवाह बढ्न सक्छ।

चौथो विरोधाभास सम्बोधन गर्न तल्लो तहका सरकारले खर्च गरेपछि मात्र भुक्तानी गर्ने गरी रकम हस्तान्तरण गर्ने व्यवस्था गरिनु पर्छ । यसका अतिरिक्त नगद व्यवस्थापनका लागि अन्तर सरकारी ऋण लिन सक्ने व्यवस्था गरिनु पर्छ । प्रदेश सरकारहरूलाई पनि एउटा निश्चित सीमासम्म नगद अभावमा केन्द्रीय बैङ्कबाट अधिविकर्ष लिन सक्ने व्यवस्था गरिनु पर्छ। स्थानीय र प्रदेश तहको कार्यक्षमता अभिवृद्धिमा सङ्घीय सरकारले सघाउनु पर्छ । सङ्घीय सरकारले छिना मसिना पूर्वाधार निर्माण काममा लाग्नु हुँदैन ।

पाँचौं विरोधाभास सल्टाउन सरकारले आयोजना विकास क्षमता बढाउनु पर्छ । राजनीतिक हस्तक्षेपबाट नभई बहुपक्षीय रूपमा अध्ययन गरी उच्चतम प्रतिफल दिने आयोजना प्राथमिकताका आधारमा छनोट गरिनु पर्छ। छनोट भएका आयोजनामा पर्याप्त बजेट विनियोजन गरी समयसीमाभित्र सक्ने गरी कार्यान्वयनमा लैजानु पर्छ, जसको लागि पर्याप्त दक्ष जनशक्तिको व्यवस्था गरिनु पर्छ। त्यस्ता जनशक्तिलाई स्थायित्व पनि दिनु पर्छ।

छैटौं विरोधाभास सल्टाउन विद्यमान प्राकृतिक स्रोतको दिगो सदुपयोगिताको रणनीति बनाउनु पर्छ । जसका लागि आन्तरिक र बाह्य लगानी प्रवर्धनको गरिनु पर्छ । व्यावसायिक कृषिका लागि हदबन्दी हटाउने, भूमिको सदुपयोगिताका लागि भूउपयोग योजनाको तर्जुमा र कार्यान्वयन, बाँझो जग्गाको सदुपयोगिताका लागि भूमि बैङ्कको सञ्चालन आवश्यक छ। जग्गाको मुआब्जा वितरणको व्यावहारिक कार्यविधि बनाई जलविद्युत् आयोजनाहरूको लागतमा कटौती गर्नु पर्छ । जलाशययुक्त जलविद्युत् र सौर्य आयोजनाको प्रवर्धन गर्नु पर्छ । नेपालको खानीको अन्वेषण र उत्खननका लागि आवश्यक कानुनको व्यवस्था र पर्याप्त मात्रामा त्यो क्षेत्रको जनशक्तिको व्यवस्था गरिनु पर्छ। अन्त्यमा उच्च आर्थिक वृद्धि र समृद्धिका लागि अर्थतन्त्रका यस्ता विरोधाभासको पहिचान गरी समयमा नै हटाउनुपर्ने हुन्छ । नवनिर्वाचित नयाँ सरकारले विरोधाभासको पहिचान गरी समाधानका लागि निरन्तर अध्ययन अनुसन्धान र सुझावको प्रभावकारी कार्यान्वयन गर्नेतर्फ लाग्नु पर्छ । प्रशासनिक, कानुनी, प्रक्रियागत र संस्थागत सुधार गर्नु जरुरी छ । नेपालीको सोच, क्षमता र प्रवृत्ति पनि विकासउन्मुख हुनु आवश्यक छ अन्यथा समृद्धिका अभिलाषा पूरा हुन गाह्रो हुने र जनता सधैं निराश हुने स्थिति आउने छ ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## इरानसँगको युद्ध अन्त्यका लागि गरिएको प्रयासमा अनपेक्षित विकास क्रमः राष्ट्रपति ट्रम्प

***वासिङ्टन, वैशाख १३ गते।***
इरानसँगको युद्ध अन्त्यको प्रश्नमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफूले अहिलेसम्म यसबारे नसोचेको परिणाम पाएको भन्दै निराशा व्यक्त गर्नुभएको छ। ट्रम्पले इरानमा सत्ता लिने कुनै पनि व्यक्तिसँग सम्झौता गर्न तयार रहेको बताउँदै भन्नुभयो, "अहिले इरानभित्र ठूलो कलह चलिरहेको छ। इरानी जनता नेतृत्वका लागि आपसमा लडिरहेका छन्।

'सायद उनीहरू नेता बन्न नपाउनका लागि लडिरहेका छन्, किनकि अमेरिकाले उनीहरूका दुई तहका नेतालाई हटाएको छ।" राष्ट्रपति ट्रम्पले पत्रकारसँग भन्नुभयो, "इरानले जति बेला चाहन्छ त्यति बेला आफूलाई फोन गर्न सक्छ। उहाँले भन्नुभयो, "सबै कार्ड अमेरिकाको हातमा छ र उसले सबै कुरा जितेको छ।" एक प्रस्तावको हवाला दिँदै ट्रम्पले



भन्नुभयो, "इरानले पहिले दिएको कागज राम्रो थिएन। "उनीहरूले हामीलाई एउटा पेपर दिए जुन अझ राम्रो हुनुपर्थ्यो र मैले प्रतिनिधिमण्डल पठाउने कुरालाई रद्द गरेँ, तुरुन्तै (१० मिनेट भित्र), हामीले नयाँ प्रस्ताव पायौँ जुन धेरै राम्रो छ," उहाँले पत्रकारसँग भन्नुभयो।

यात्रा रोक्नुको अर्थ खुला शत्रुतातर्फ फर्कनु हो कि भन्ने प्रश्नमा ट्रम्पले भन्नुभयो, "होइन, यसको मतलब यो होइन। हामीले अहिलेसम्म यसबारे सोचेका छैनौ।" यसैबिच वाशिङ्टनमा 'ह्वाइट हाउस करेस्पोन्डेन्ट एसोसिएसन'को रात्रिभोजमा आक्रमण प्रयास गर्ने एक बन्दुकधारी पक्राउ परेपछि ट्रम्पले भन्नुभयो, "उहाँलाई यो घटना इरानसँग सम्बन्धित छ जस्तो लाग्दैन र यसले अमेरिकालाई 'युद्ध जित्न' बाट रोक्ने छैन।"

## दिल्ली विमानस्थलमा स्विस विमानको इन्जिनमा आगलागी, छ जना घाइते

नयाँ दिल्ली, वैशाख १३ गते। स्विस अन्तर्राष्ट्रिय विमान सेवाको एउटा विमानले उडान भर्न लाग्दा इन्जिनमा आगलागी भएपछि उडान स्थगित गरिएको छ। उक्त घटनामा कम्तिमा छ जना यात्रु घाइते भएका छन्। यो घटना आइतबार बिहान सबेरै इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा भएको हो।

दिल्लीबाट जुरिख जाँदै गरेको उडान बिहान करिब १:८ बजे धावनमार्गमा थियो। विमानमा कुल २३२ जना (२२४ यात्रु र ४ शिशुसहित) सवार थिए। आगलागी भएपछि सबै यात्रुलाई तुरुन्तै सुरक्षित रूपमा बाहिर निकालिएको थियो। घाइतेलाई स्थानीय निजी अस्पतालमा भर्ना गरिएको छ।



विमान स्थल प्रशासनका अनुसार घटनापछि पूर्ण आपतकाल घोषणा गरिएको थियो। विमान सेवाका अनुसार चालकले उडान रोक्दै सावधानीका रूपमा यात्रुलाई बाहिर निकाल्ने निर्णय गरेका थिए। सम्बन्धित विमान ठूलो आकारको यात्रुवाहक विमान रहेको बताइएको छ। घटना सम्बन्धी थप अनुसन्धान जारी रहेको छ।

## भारतीय विदेश सचिवको नेपाल भ्रमण तयारी

***१३ बैशाख, काठमाडौं –***
भारतका विदेश सचिव विक्रम मिस्रीको नेपाल भ्रमणको तयारी भइरहेको छ। नयाँ सरकार गठनपछि हुन लागेको यो भ्रमणलाई दुई देशबीचको कूटनीतिक सम्बन्धका हिसाबले महत्वपूर्ण मानिएको छ। भ्रमणका क्रममा उनले प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) नेतृत्वको सरकारलाई औपचारिक बधाई दिने र उच्चस्तरीय भेटवार्ता गर्ने कार्यक्रम रहने अपेक्षा गरिएको छ। भारतमा रहेका नेपाली पत्रकारहरूसँगको कुराकानीमा मिस्रीले छिट्टै नेपाल आउने योजना रहेको बताए पनि भ्रमणको मिति भने अझै निश्चित भइसकेको छैन। उनले नेपालका परराष्ट्रमन्त्रीसँग



यस विषयमा निरन्तर संवाद भइरहेको जानकारी दिएका छन्। यसअघि मोरिससमा भएको भेटमा नेपालका परराष्ट्रमन्त्री शिशिर खनाल र भारतका विदेशमन्त्री एस. जयशंकरबीच प्रधानमन्त्री बालेन शाहको सम्भावित भारत भ्रमणबारे पनि छलफल भएको थियो। विश्लेषकहरूका अनुसार यो भ्रमणले आगामी दिनमा नेपाल-भारत सम्बन्धलाई थप सक्रिय बनाउने अपेक्षा गरिएको छ।

### निजगढ ...

अघि नबढ्दा काम रोकिएको उनको भनाइ छ।
सर्वोच्च अदालतको आदेशअनुसार पुरानो चारकिल्ला बदर गरी नयाँ चारकिल्ला प्रमाणीकरणपछि मात्र घरसारको निर्णय गर्नुपर्ने अवस्था रहेकाले प्रक्रिया थप जटिल बनेको छ। डिभिजन वन कार्यालय बाराले समेत अनुमति प्रक्रिया रोकिएको जनाउँदै हाल बस्ती खाली गराउने कार्य प्रभावित भएको जनाएको छ। यसरी मुआब्जा वितरण भइसके पनि कानुनी र प्रशासनिक जटिलताका कारण काँटगाउँ बस्ती पूर्ण रूपमा स्थानान्तरण हुन सकेको छैन।

### सहकारी...

प्रहरी तथा सहकारी अभियानकर्तासँग छलफल भइरहेको छ।
पूर्वसचिव गोपीनाथ मैनालीका अनुसार सरकारले सहकारी पीडितको समस्या गम्भीर रूपमा लिएको देखिँदैन। २०६५ सालदेखि सुरु भएको समस्या अहिलेसम्म समाधान नहुनु सरकारी बेवास्ता भएको उनको भनाइ छ। "विगत चार वर्षदेखि प्रत्येक बजेटमा समाधानको कुरा हुन्छ, तर कार्यान्वयन हुँदैन," उनले भने, "सरकारले बारम्बार आशा देखाएर पीडितलाई छलफलमै अल्झाइरहेको छ।" उनका अनुसार राजनीतिक संरक्षणका कारण आफ्ना कार्यकर्ता र नेता जोगाउनुपर्ने बाध्यताले पनि समस्या समाधानमा ढिलाइ भइरहेको छ। हाल संघीय स्तरमा मात्र २३ सहकारी संस्था समस्याग्रस्त छन्, जहाँ करिब ६३ हजार बचतकर्ताको करिब ४० अर्ब रुपैयाँ फसेको छ भने प्रदेश र स्थानीय तहमा पनि समस्या जटिल बन्दै गएको छ।
यसैबीच काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह नेतृत्वमा २५ करोड रुपैयाँको चक्रीय कोषमा बीउ पूँजी उपलब्ध गराउने निर्णय गरिएको छ, र त्यसका लागि कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि स्वीकृत गरिएको जनाइएको छ।

### ढल्केवर...

सडक अतिक्रमण हटाउन कडा निर्देशन आएपछि सोही अनुसार कारबाही अघि बढाइएको नगरपालिकाले जनाएको छ। खाली गराइएको क्षेत्रमा सडक मापदण्ड कायम गर्दै आवागमन सहज बनाइने तयारी भइरहेको छ।

### गण्डक ...

प्रशासनले तीन दिनअघि नै अतिक्रमित संरचना हटाउन सूचना जारी गरेको थियो। सोहीअनुसार केही स्थानीयले आफ्नै पहलमा संरचना हटाएका थिए भने बाँकी संरचना डोजरमार्फत हटाइएको हो।
स्थानीय प्रशासनले सोमबारदेखि बारा जिल्लातर्फ पनि अतिक्रमण हटाउने अभियान विस्तार गरिने जनाएको छ। पहिलो दिनको अभियान कुनै अवरोधबिना सम्पन्न भएको पनि कार्यालयले जनाएको छ।

### निजामती ...

तहमा नखटाई पहिले प्रदेशको मुख्यमन्त्री कार्यालयमा पठाउने र त्यहाँबाट प्रदेशले स्थानीय तहमा पदस्थापन गर्ने व्यवस्था प्रस्ताव गरिएको छ।
मन्त्रालयका अनुसार यो प्रणालीले संघीय संरचनालाई प्रभावकारी बनाउने र कर्मचारी व्यवस्थापनलाई थप व्यवस्थित गर्ने अपेक्षा गरिएको छ।
विधायन ऐन, २०८१ अनुसार सार्वजनिक गरिएको मस्यौदामा सरोकारवाला र सर्वसाधारणलाई सात दिनभित्र सुझाव दिन आग्रह गरिएको छ। प्राप्त सुझाव समेटेर विधेयकलाई अन्तिम रूप दिई संसद्मा पेस गरिने तयारी छ।

### ई-बिडिङ ...

समेत अनुसन्धान भइरहेको साइबर ब्यूरोले जनाएको छ। घटनासँग सम्बन्धित अन्य संलग्न व्यक्तिहरूको खोजी जारी रहेको प्रहरीले जनाएको छ।
यसअघि सोही प्रकरणमा राप्रपा नेता तथा कालिका कन्स्ट्रक्सनका सञ्चालक विक्रम पाण्डे पनि पक्राउ परिसकेका छन्। प्रकरणले सार्वजनिक खरिद प्रणालीको सुरक्षा र पारदर्शितामाथि गम्भीर प्रश्न उठाएको छ।


### आवास ...

मन्त्रालयलाई पत्राचार गर्दै तत्काल सरुवा कार्यान्वयन गर्न आग्रह गरेको थियो। तर उनी अझै कार्यालयमै रहँदै आएको र सरुवा रोक्न राजनीतिक तथा प्रशासनिक पहुँच प्रयोग गरेको आरोप छ।
स्रोतका अनुसार उनले सरुवा रोक्न लाखौं रुपैयाँ खर्च गर्न तयार रहेको भन्दै विभिन्न शक्तिकेन्द्रमार्फत प्रभाव विस्तार गरिरहेका छन्। बारा क्षेत्र नं. ३ का सांसद, केही प्रदेशस्तरीय अधिकारी र मुख्यमन्त्री तहसम्मको पहुँच प्रयोग गरिएको दाबीसमेत गरिएको छ।
राजेन्द्र साह यसअघि पनि विवादित कर्मचारीका रूपमा चिनिन्छन्। पूर्वाधार कार्यालय प्रमुख हुँदा उनले करिब २० करोड रुपैयाँका टुक्रे योजनामा विनाटेण्डर उपभोक्ता समितिमार्फत खर्च देखाएर ठूलो अनियमितता गरेको आरोप छ, जसबाट १२ देखि १५ करोड रुपैयाँ भ्रष्टाचार भएको दाबी विभिन्न उजुरीमा उल्लेख छ।
त्यसैगरी, उनी नारायणी प्रादेशिक अस्पताल निर्माणसम्बन्धी भ्रष्टाचार प्रकरणमा निलम्बनमा समेत परेका थिए। निलम्बनकै अवस्थामा समेत बैंक खाता सञ्चालन गरी करिब २० करोड रुपैयाँसम्म निकासा गरिएको आरोपमा अख्तियारले छुट्टै छानबिन गरिरहेको छ।
जिल्ला प्रशासन कार्यालय बाराले रोक्का गरेको खाता पछि पुनः फुकुवा गरी रकम निकासा गरिएको दाबीसमेत छ, जसमा केही प्रशासनिक अधिकारी र बिचौलियाको संलग्नता रहेको आशंका गरिएको छ।
सरुवा भइसकेपछि पनि रमाना नलिई कार्यालयमै बस्नु र शक्तिकेन्द्रमार्फत सरुवा रोक्ने प्रयास हुनु प्रशासनिक अनुशासनमाथि गम्भीर प्रश्न बनेको छ। अख्तियारले निगरानी कडा बनाएको बताए पनि कार्यान्वयन नहुनुले सुशासन प्रणालीमै चुनौती देखिएको छ।

### तेलकुवामा...

धुलो, ध्वनि प्रदूषण र कम्पनले स्थानीयको दैनिक जीवन प्रभावित भएको छ।
धुलो प्रदूषणका कारण बालीनालीमा रोग फैलिन थालेको, उत्पादन घटेको तथा मानव र पशु स्वास्थ्यमा समेत नकारात्मक असर देखिन थालेको स्थानीयले बताएका छन्। दीर्घकालीन रूपमा श्वासप्रश्वाससम्बन्धी समस्या बढ्ने जोखिमसमेत रहेको उनीहरूको चिन्ता छ।
राजस्व छली र न्यून बिलिङको आरोप
उपभोक्ताका अनुसार क्रसर उद्योगमा ठूलो मात्रामा राजस्व छली भइरहेको छ। एक टिपर गिट्टी-बालुवाको वास्तविक बजार मूल्य करिब २२ देखि २४ हजार रुपैयाँ भए पनि उद्योगहरूले करिब ७ देखि ८ हजार रुपैयाँको मात्र बिल काट्ने गरेको आरोप छ।
यसरी न्यून बिलिङमार्फत ठूलो कर छलि भइरहेको भन्दै स्थानीयले प्रश्न उठाएका छन्। वास्तविक बिल माग्दा धम्की दिने, बहाना बनाउने र पहुँचको धाक देखाउने प्रवृत्ति रहेको समेत गुनासो गरिएको छ।
अवैध विस्तार र सरकारी निकायको भूमिकामा प्रश्न
तेलकुवासँगै बघवन, महागढीमाई क्षेत्रको सेमरा, तेगछिया लगायत स्थानमा पनि अवैध क्रसर उद्योग सञ्चालन भइरहेको स्थानीयको दाबी छ। यसले नदी प्रणाली, जमिन संरक्षण र दीर्घकालीन वातावरणीय सन्तुलनमा जोखिम थपेको उनीहरूको भनाइ छ।
डिभिजन वन कार्यालयका अनुसार मापदण्डविपरीत काम भए कडा कारबाही हुने चेतावनी दिइएको छ। तर स्थानीयले यस्तो चेतावनी व्यवहारमा लागू नभएको भन्दै अनुगमन प्रणाली नै कमजोर रहेको आरोप लगाएका छन्।
स्थानीयले दैनिक दर्जनौं टिपर गिट्टी-बालुवा बिक्री भइरहे पनि राज्यलाई कति राजस्व गएको हो भन्ने स्पष्ट तथ्याङ्क सार्वजनिक नभएको भन्दै पारदर्शिताको माग गरेका छन्। उनीहरूले अनुगमन समितिको प्रभावकारी भूमिका र तत्काल कडा कारबाहीको आवश्यकता औंल्याएका छन्।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने।
- चिसो पानीले नुहाउने। यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने।
- चिसो पानीले नुहाउने। यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश।

# निजगढ विमानस्थल क्षेत्रमा मुआब्जा पाएपछि पनि काँटगाउँ खाली गराउन कठिनाइ

***१३ बैशाख, बारा –***
राष्ट्रिय गौरवको आयोजना निजगढ अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्रअन्तर्गत पर्ने काँटगाउँमा मुआब्जा वितरण भइसकेपछि पनि बस्ती खाली गराउन समस्या देखिएको छ। विमानस्थलको चारकिल्लाभित्र पर्ने उक्त बस्तीका अधिकांश स्थानीयले मुआब्जा बुझिसके पनि स्थानान्तरण प्रक्रिया भने अझै अघि बढ्न सकेको छैन।
विमानस्थल कार्यालयका अनुसार काँटगाउँका ११२ घरधुरीमध्ये धेरैले २०७४ सालमै मुआब्जा बुझिसकेका छन्। मुआब्जा पाएका धेरैले कोल्हवी र आसपासका क्षेत्रमा नयाँ घरसमेत निर्माण गरिसकेको बताइएको छ। तत्कालीन मूल्यांकनअनुसार करिब ७० बिघा जग्गाको मुआब्जा विभिन्न दरमा वितरण गरिएको थियो।




टाँगियाबस्ती संघर्ष समितिका संयोजक रमेश सापकोटाका अनुसार मुआब्जा लिइसकेका अधिकांश परिवार नयाँ स्थानमा बसोबास गरिसके पनि पुरानो बस्ती भने अझै पूर्ण रूपमा खाली हुन सकेको छैन। उनका अनुसार मुआब्जा वितरण भएको करिब १० वर्ष बितिसक्दा पनि केही संरचना हट्न बाँकी छन्।
विमानस्थल आयोजनाका कार्यवाहक प्रमुख विजय यादवका अनुसार घरसारसम्बन्धी स्पष्ट निर्णय र 'छुटपुर्जी' प्रक्रिया नटुंगिएकाले स्थानान्तरणमा समस्या भइरहेको छ। प्रदेश तहबाट आवश्यक प्रक्रिया

बाँकी तेस्रो पृष्ठमा

# निजामती विधेयकको मस्यौदा सार्वजनिक, स्थानिय तहको प्रशासकिय अधिकृतको खटनपटन प्रदेशबाट हुने

***१३ बैशाख, काठमाडौं –***
सरकारले संघीय निजामती सेवासम्बन्धी नयाँ विधेयकको मस्यौदा सार्वजनिक गरेको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको उक्त मस्यौदामा कर्मचारी प्रशासनमा व्यापक सुधार गर्ने उद्देश्यसहित ४८ वटा नयाँ प्रावधान समावेश गरिएको छ।
मस्यौदाअनुसार निजामती कर्मचारीको अवकाश उमेर हालको ५८ वर्षबाट बढाएर ६० वर्ष पुर्‍याउने प्रस्ताव गरिएको छ। प्रशासनिक क्षेत्रमा अनुभवी जनशक्तिको उपयोग बढाउने र कार्यक्षमता सुधार गर्ने लक्ष्यसहित यो व्यवस्था अघि सारिएको मन्त्रालयले जनाएको छ।




प्रस्तावित विधेयकमा उच्चपदस्थ कर्मचारीका लागि सेवा निवृत्तिपछिको राजनीतिक र संवैधानिक नियुक्तिमा कडाइ गरिएको छ। सहसचिव र सचिव तहका कर्मचारीले अवकाशपछि दुई वर्षसम्म कुनै पनि राजनीतिक वा संवैधानिक पदमा नियुक्त हुन नपाउने 'कुलिङ पिरियड' व्यवस्था राखिएको छ।
त्यस्तै, बहालवाला कर्मचारीले राजनीतिक दल वा भ्रातृ संगठनको सदस्यता लिएमा वा राजनीतिक गतिविधिमा संलग्न भएमा उनीहरूलाई सरकारी सेवाबाट बर्खास्त गरी भविष्यमा अयोग्य ठहरिने प्रावधानसमेत मस्यौदामा समावेश गरिएको छ।
स्थानीय तहको प्रशासनिक व्यवस्थापनमा पनि नयाँ मोडेल प्रस्ताव गरिएको छ। जसअनुसार प्रमुख प्रशासकीय अधिकृतलाई संघीय सरकारले सिधै स्थानीय

बाँकी तेस्रो पृष्ठमा

# ई-बिडिङ प्रणालीमा छेडछाड प्रकरणमा थप दुई जना पक्राउ

***१३ बैशाख, काठमाडौं –***
सरकारी खरिदको ई-बिडिङ (ई-जीपी) प्रणालीमा अनधिकृत पहुँच पुर्‍याई ठेक्का विवरणमा हेरफेर गरेको आरोपमा थप दुई निर्माण व्यवसायी पक्राउ परेका छन्। नेपाल प्रहरीको साइबर ब्यूरोले प्राप्त उजुरीका आधारमा विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गत मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाएको हो।
काठमाडौं जिल्ला अदालतबाट पक्राउ अनुमति लिएर खटिएको टोलीले सिराहा घर भई भक्तपुर बस्दै आएका ३० वर्षीय स्वदेश पोखरेल र नुवाकोट घर भई काठमाडौं बस्दै आएका ४१ वर्षीय प्रकाश ढुंगानालाई पक्राउ गरेको छ। पोखरेल ईन्कोन प्रालिका




शेयरधनी तथा लेखापाल हुन् भने ढुंगाना कल्पवृक्ष बिल्डर्स प्रालिका सञ्चालक रहेका छन्।
प्रहरीका अनुसार उनीहरूले ई-जीपी प्रणालीमा पहुँच बनाएर ठेक्कासम्बन्धी आर्थिक प्रस्ताव खोलिनुअघि नै कागजातमा हेरफेर गरेको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ। उनीहरूलाई काठमाडौंको पेप्सीकोला र बालाजु क्षेत्रबाट नियन्त्रणमा लिइएको हो।
हाल उनीहरूमाथि संगठित अपराध निवारण ऐन, २०७० अन्तर्गत

बाँकी तेस्रो पृष्ठमा

# १७ चिकित्सकको नागरिकता कारणमा लाइसेन्स खारेज

***१३ बैशाख, वीरगञ्ज –***
नेपाल मेडिकल काउन्सिलले विदेशी नागरिकता लिएका १७ जना चिकित्सकको दर्ता प्रमाणपत्र (लाइसेन्स) खारेज गरेको छ। नेपाली नागरिकता परित्याग गरेपछि नेपाली चिकित्सकका रूपमा निरन्तरता दिन नमिल्ने कानुनी व्यवस्थाका आधारमा उनीहरूको नाम दर्ता किताबबाट हटाइएको काउन्सिलले जनाएको छ।



काउन्सिलका प्रवक्ता तथा रजिस्ट्रार डा. सतिशकुमार देवका अनुसार अस्ट्रेलिया, अमेरिका, बेलायत, क्यानडा, पोर्चुगल, हङकङ र भारतलगायत देशको नागरिकता लिएका चिकित्सकहरूको दर्ता खारेज गरिएको हो। नेपाल मेडिकल काउन्सिल ऐन, २०२०, नियमावली २०२४ तथा नेपाल नागरिकता ऐन, २०६३ को आधारमा काउन्सिलको पूर्ण बैठकले यो निर्णय गरेको उनले बताए।
"नेपाली नागरिकता त्याग गरेपछि नेपाली चिकित्सकका रूपमा रहन कानुनी रूपमा मिल्दैन," रजिस्ट्रार देवले भने, "त्यसैले दर्ता किताब अद्यावधिक गरिएको हो।"
तर, काउन्सिलको निर्णयप्रति नेपाल चिकित्सक संघले आपत्ति जनाएको छ। संघका अध्यक्ष डा. अनिलविक्रम कार्कीले यो निर्णय अव्यावहारिक भएको टिप्पणी गर्दै नीतिगत अन्योल सिर्जना गरेको बताए। उनका अनुसार विदेशमा रहेका नेपाली मूलका चिकित्सकहरू महत्वपूर्ण स्रोत भएकाले यस्तो कदम उचित नभएको उनको भनाइ छ।
यस घटनाले विदेशमा रहेका नेपाली चिकित्सक र 'ब्रेन ड्रेन' को विषयमा पुनः बहस सुरु गराएको छ। काउन्सिलले भने निर्णय पूर्ण रूपमा कानुनी प्रक्रिया अनुसार गरिएको दाबी गरेको छ

# ढल्केवरको करिब ५३ वर्ष पुरानो अतिक्रमण हटाइयो

***१३ बैशाख, ढल्केवर (धनुषा) –***
धनुषाको मिथिला नगरपालिका-ढल्केवर चोकमा करिब पाँच दशकभन्दा बढी समयदेखि अतिक्रमणमा रहेको सार्वजनिक जग्गा अन्ततः खाली गराइएको छ। संघीय सरकारको निर्देशनपछि शनिबार नगरपालिकाले प्रहरीको सहयोगमा डोजर चलाएर उक्त क्षेत्रमा बनेका संरचना हटाएको हो।
नगरपालिकाका अनुसार सडक क्षेत्रमा बसोवास तथा व्यवसाय सञ्चालन गर्दै आएका करिब २५ देखि ३० परिवार तथा व्यवसायीका पक्की घर, टहरा र पसलहरू भत्काएर हटाइएको छ। केही दिनअघि नै सार्वजनिक जग्गा खाली गर्न भन्दै नगरपालिकाले सूचना जारी गरेको थियो।
स्थानीय स्रोतका अनुसार विसं २०२६ सालमा पूर्व-पश्चिम महेन्द्र



राजमार्ग निर्माणका क्रममा उक्त क्षेत्र सडकका रूपमा प्रयोग गरिएको थियो। तर विसं २०३० पछि नयाँ मार्ग खुलेपछि पुरानो सडक प्रयोगमा नआएपछि क्रमशः अतिक्रमण बढ्दै गएको थियो। त्यसपछि स्थानीयले त्यही क्षेत्रमा घरटहरा निर्माण गरी बसोवास र व्यापार गर्दै आएका थिए।
यसअघि पटक-पटक अतिक्रमण हटाउने प्रयास भए पनि राजनीतिक दबाब र मुद्दामामिलाका कारण कार्यान्वयन हुन सकेको थिएन। नगर प्रमुख महेन्द्र महतोका अनुसार पछिल्लो तीन वर्षमा तीन पटक सूचना जारी गरिए पनि अवरोधका कारण प्रक्रिया अघि बढ्न सकेको थिएन। हाल संघीय तथा प्रदेश सरकारबाट सार्वजनिक जग्गा र

बाँकी तेस्रो पृष्ठमा

# सहकारी पीडितलाई तत्काल राहत दिन सरकारमाथि दबाब, "छलफल होइन काम चाहियो"

***१३ बैशाकक, काठमाडौं –***
सहकारीमा बचत गुमाएका पीडितहरूले सरकारसँग तत्काल राहतको माग गरेका छन्। कोषमार्फत भरपाइ गरिने भएकाले अहिलेका लागि सबै बचतकर्ताले पाउने गरी रकम उपलब्ध गराउनुपर्ने उनीहरूको भनाइ छ। पीडितमध्ये एक केसीले सरकारप्रति असन्तुष्टि जनाउँदै "खाली छलफल, सम्झौता र सहमति मात्रै भनिन्छ, तर उपलब्धि शून्य छ, अब काम गरेर देखाउनुपर्छ"




भने। उनका अनुसार नयाँ मन्त्रीको अभिव्यक्ति विगतभन्दा केही फरक देखिए पनि व्यवहारमा नतिजा आउन बाँकी छ। सरकारी उच्च अधिकारीहरूका अनुसार सहकारी समस्या अहिले बहालवाला मन्त्रीको पहिलो प्राथमिकतामा परेको छ र पछिल्लो समय पीडित, वित्त तथा लेखा व्यवसायी, महान्यायाधिवक्ता,

बाँकी तेस्रो पृष्ठमा


## तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।



## तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।



## तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।



## तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।